# यो समय, यो मन

*डा. बेन्जु शर्मा*

औंसीको अँध्यारोमा
अनन्त, कहालिलाग्दो
विशाल, कालो समुद्रको अगाडि
उभिएको छ यो समय, यो मन
सुनसान अँधेरी जङ्गलमा
मुख बाएर
आफूतिर आइरहेको
कालो भालुको समुद्र
यो एकाकी समय, एकाकी जीवन
मुर्दा गाडेर
फर्किसकेपछिको
एकान्त चिहान
वा एक्लो कोठामा
बजिरहेको एकसुरे वायलिनको धून ।
गालीका गोलाले नदुख्ने
थुकका छिटाले नछुने

प्रशंसाका पुलहरू वारपारै नहुने
ब्याट्री सिद्धिएको घडी भएर
टक्क रोकिएको छ यो समय, यो मन
एकाकी “ एकाकी
सुनसान “ सुनसान
त्राटक हेराइमा आँखा
झिम्मै नहुने भएको छ

सुनसान, एकान्त, कहालिलाग्दो
भीरबाट गोडा चिप्लिएर
खसेको छ

न मरेको छ, न जिएको छ
कुनै खोंच र खाडलमा गएर
टक्क अडेको छ
निःशब्द निश्वास